दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ८७ | बुटवल | २०८२ चैत १३ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday March 27, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

यौन हिंसाबाट बचौ र बचाऔं

-यौनजन्य हिंसा सामाजिक अपराध हो।
-बालबालिका यौनजन्य हिंसाको जोखिममा हुनसक्छन् ।
-हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ।
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
-बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं ।
**बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं।**

नेपाल सरकार विज्ञापन बोर्ड

# कार्की आयोगको प्रतिवेदनमाथि विरोध र प्रश्नै प्रश्न

**आयोगको प्रतिवेदन प्रतिवेदन प्रथम दृष्टिमै अपूर्ण रहेको कांग्रेसको ठहर छ भने निन्दनीय र खेदजनक रहेकाले स्वीकार्य नभएको एमालेले प्रष्ट पारेको छ। नेपाल बार एशोसियसनले प्रतिवेदनमाथि असहमतिसहित विरोध जनाउने निर्णय गरेको छ।**

**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाली कांग्रेसले जेनजी आन्दोलनबारे गौरीबहादुर कार्की नेतृत्वको आयोगले दिएको प्रतिवेदन प्रथम दृष्टिमै अपूर्ण भएको टिप्पणी गरेको छ।

कांग्रेस प्रवक्ता देवराज चालिसेले सार्वजनिक भएको प्रतिवेदनमा प्रारम्भिक प्रतिक्रिया भन्दै भदौ २३ को विषयमा मेहनत गरे पनि भदौ २४ को विषय धेरै छुटेको बताए । 'यो प्रारम्भिक प्रतिक्रिया हो । प्रतिवेदन प्रथम दृष्टिमै अपूर्ण देखियो। भदौ २३ को आन्दोलनबारे जति प्रकाश पार्न खोजिएको छ, २४ गतेको घटनालाई अलपत्र छाडिएको छ। यो प्रतिवेदन थप अध्ययन गर्छौं, कानुनविद्हरुसँग छलफल गर्छौं।'- चालिसेले भने। सानेपामा आयोजित पत्रकार सम्मेलनमा बोल्दै प्रवक्ता चालिसेले सबै प्रतिवेदनहरुको विस्तृत अध्ययन गरेपछि थप धारणा सार्वजनिक गरिने बताए।

यस्तै नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन निन्दनीय र खेदजनक रहेकाले स्वीकार्य नभएको स्पष्ट पारेका छन् । बिहीबार एमाले पार्टी कार्यालय च्यासलमा पार्टीका प्रतिनिधिसभा तथा राष्ट्रियसभा सदस्यहरूसँगको छलफल कार्यक्रममा अध्यक्ष ओलीले आयोगको प्रतिवेदन पूर्वाग्रह ढंगले आएको भन्दै स्वीकार्य नभएको स्पष्ट पारेका हुन्।

उनले आयोगको प्रतिवेदन चरम लापरबाही, चरित्र हत्या र घृणाको राजनीति गर्ने खालको रहेको उल्लेख गरे। घटनामा उपस्थिति नै नरहेको तत्कालीन प्रधानमन्त्री अर्थात् आफूविरुद्ध फौजदारी अभियोगअन्तर्गत छानबिन गर्न र मुद्दा चलाउन सिफारिस गर्नु उचित नभएको उनको भनाइ छ।

त्यस्तै अध्यक्ष ओलीले निर्वाचन परिणामबारे धेरै टिप्पणी गर्ने बेला नभए पनि निर्वाचन परिणाम अनपेक्षित, अस्वाभाविक, अपत्यारिलो र जादुमय रहेको टिप्पणी गरे।

उनले एमालेप्रति कुप्रचारका साथै गम्भीर प्रहार भए पनि त्यसको डटेर सामान गर्न नसकिएको उल्लेख गरे । अहिले देश विषम परिस्थितिमा रहेकाले जिम्मेवार भएर प्रभावकारी भूमिका निर्वाह गर्न सांसदहरूलाई निर्देशन समेत दिए।

उनले आधुनिक विचार बोक्ने परिवर्तनकारी र अनुशासित पार्टी एमाले बाहेक अरु नरहेकाले अनुशासन पालना गर्न समेत निर्देशन दिए। उनले संसदीय दलमा काम र जिम्मेवारीको आधारमा मूल्याङ्कन गरी जिम्मेवारी दिने भन्दै पदको माग गरेर नआउन समेत सुझाव दिए। अध्यक्ष ओलीले पार्टीभित्र समस्या खडा गर्नुभन्दा एकताबद्ध र एकढिक्का भएर अघि बढ्नुपर्नेमा जोड दिए।



यस्तै नेपाल बार एशोसियसनको आकस्मिक बैठकले गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदनमाथि असहमतिसहित विरोध जनाउने निर्णय गरेको छ।

प्रतिवेदनका कतिपय ठाउँमा स्वतन्त्र न्यायपालिकाको मूल्य मान्यतामाथि प्रहार भएको, कानुन व्यवसायीमाथि लान्छना लगाइएको र अन्य आपत्तिजनक विषयवस्तु समावेश भएको देखिएकाले विरोध गर्नु परेको नेपाल बार एशोसियसनका अध्यक्ष डा. विजयप्रसाद मिश्रले बताए।

उनले भने-'तत्कालका लागि प्रारम्भिक रुपमा प्रतिवेदनमाथि असहमति जनाउँदै सर्वोच्च अदालत र त्यहाँका न्यायाधीशहरूमाथि ज्ञापन पत्र बुझाउने निर्णय भएको छ। प्रतिवेदनमाथि विस्तृत अध्ययन गर्न छुट्टै समिति बनाउने निर्णय समेत भएको छ।'

बारले सर्वोच्च अदालतका कतिपय फैसलामाथि अस्वाभाविक टिकाटिप्पणी भएको, आत्मपरक रुपमा मनोमानी व्याख्या र विषयवस्तु समावेश भएको भन्दै छानबिन समितिका पदाधिकारीहरूको काम कारबाहीलाई कार्यादेश बाहिर गएर भएको काम भनी टिप्पणी गरेको छ।

नेपाल बार एसोसिएसनले भदौ २३ र २४ गतेका घटनासम्बन्धी छानबिन गर्ने गौरीबहादुर कार्कीको संयोजकत्वमा गठित आयोगको प्रतिवेदन अध्ययन गर्न समिति गठन गरेको छ। आयोगको प्रतिवेदन तथा सोही विषयमा राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदनसमेत अध्ययन गर्न एसोसिएसनले अध्यक्ष वरिष्ठ अधिवक्ता प्रा. डा. विजयप्रसाद मिश्रको अध्यक्षतामा समिति गठन गरेको हो।

समितिमा वरिष्ठ अधिवक्ता सुजन लोप्चन, टीकाराम भट्टराई र डा. दिनमणि पोखरेल सदस्य तथा महासचिव वरिष्ठ अधिवक्ता केदारप्रसाद कोइराला सदस्य सचिव रहेका छन्।

समितिले प्रस्तुत गर्ने प्रतिवेदनपछि एसोसिएसनले आफ्नो धारणा सार्वजनिक गरी आवश्यक कार्यक्रम सञ्चालन गर्ने महासचिव कोइरालाले जानकारी दिए । बारले कार्की आयोगको प्रतिवेदनले तोकिएको कार्यक्षेत्रभन्दा बाहिर गई शक्ति विभाजनको सिद्धान्तलाई बेवास्ता गरेको भन्दै ध्यानाकर्षण गराएको छ। बारले विशेषगरी 'सर्वोच्च अदालतका सबै न्यायाधीशको पूर्ण इजलासले संविधान र कानुन आफैं संशोधन गर्न सक्नुपर्छ' भन्ने जस्ता विषयप्रति असहमति जनाएको छ।

एसोसिएसनले जारी गरेको विज्ञप्तिमा यस्तो धारणा स्वतन्त्र न्यायपालिकाको मूल मर्म र भावनाविपरीत भएको जनाएको छ।

» बाँकी ३ पेजमा

## बालेन्द्र प्रम बन्ने बाटो खुल्यो



बुटवल। राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह संसदीय दलको नेता बनेका छन्।

सभापति रवि लामिछानेले केन्द्रीय समितिको बैठकमा संसदीय दलको नेता बनाउन प्रस्ताव गरेका थिए।

त्यसपछि केन्द्रीय समितिले बालेन्द्रलाई भावी प्रधानमन्त्रीका रुपमा पक्का गर्दै दलको नेतामा सर्वसम्मत स्वीकारेको हो।

रास्वपा केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठकले बालेन्द्रलाई संसदीय दलको नेतामा चयन गरेको छ। अब आज शुक्रबार बालेनले दिउँसो १२ बजेर ३४ मिनेटमा प्रधानमन्त्रीको शपथ लिनेछन्। काठमाडौंको मेयरबाट राजीनामा दिएर बालेन झापा ५ मा चुनाव लडेर एमाले अध्यक्ष केपी ओलीलाई पराजित गरेका थिए।

## सरकारलाई सहयोग हुन्छ : प्रचण्ड



बुटवल। नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले नयाँ सरकारलाई सकारात्मक र रचनात्मक काममा सहयोग रहने बताएका छन्।

बिहीबार संसद् भवन बानेश्वरमा सञ्चारकर्मीसँग संक्षिप्त कुरा गर्दै प्रचण्डले रास्वपालाई शुभकामना दिँदै नयाँ सरकारलाई सकारात्मक र रचनात्मक काममा सहयोग रहने बताएका हुन्।

साथै उनले जेन-जी आन्दोलन जाँचबुझ आयोगको प्रतिवेदन अध्ययन गरिरहेको समेत प्रतिक्रिया दिए।

उनले शान्तिपूर्ण निर्वाचन हुनु सबैका लागि राम्रो भएको समेत उल्लेख गरे।

## रविको मुद्दा हेर्दाहेर्दैमा



बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको मुद्दा फिर्ता लिने निर्णयविरुद्धको रिट बिहीबार पनि हेर्दाहेर्दैमा राखिएको छ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय विनोद शर्मा र अब्दुल अजिज मुसलमानको संयुक्त इजलाले हेर्दाहेर्दैमा राखेको हो । यसअघि पनि यो रिटमा मंगलबार बहस नसकिएपछि बिहीबारका लागि 'हेर्दाहेर्दै'मा राखिएको थियो।

बिहीबार रिट निवेदकका तर्फबाट बहस भएको थियो। यस रिटमा दुई सातादेखि लगातार सुनुवाइ हुँदै आएको छ । महान्यायाधिवक्ता सविता भण्डारी बरालले लामिछानेविरुद्ध संगठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुर फिर्ता लिने निर्णय गरेकी थिइन्।

त्यो निर्णय बदर गर्न माग गर्दै युवराज सफल, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी र अधिवक्ता आभास रेग्मीले रिट दायर गरेका हुन्।

यसअघि गत चार दिन सुनुवाइ भएको रिटमा महान्यायाधिवक्ताले गरेको माघ २ गतेको निर्णय झिकाउन आदेश भएको थियो। सर्वोच्चका न्यायाधीशद्वय शारङ्गा सुवेदी र सुनिल पोखरेलको संयुक्त इजलासले महान्यायाधिवक्ताले अभियोगपत्र संशोधनसम्बन्धी गरेको पछिल्लो निर्णयलगायत सम्बन्धित फायल झिकाउन आदेश दिएको थियो।

सुरुमा लामिछानेको मात्रै अभियोगपत्र संशोधन गरेर संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुर हटाउने निर्णय गरेको महान्यायाधिवक्ताको कार्यालयले माघ २ गते उनीसँग जोडिएका सहकारीका सबै प्रतिवादीविरुद्ध सहकारी ठगी बाहेकका कसुरमा अभियोग नलगाउने निर्णय गरेको थियो।

यो निर्णयको प्रति मिसिलमा संलग्न रहेको नदेखिएको भन्दै इजलासले पछिल्लो निर्णय र यससँग सम्बन्धित अन्य कागजातहरू भए ती पनि मगाएर चैत ९ गतेलाई पेसी तोक्न आदेश दिएको थियो।

महान्यायाधिवक्ताको निर्देशनपछि चार वटा जिल्ला सरकारी वकिलको कार्यालयले सम्बन्धित जिल्ला अदालतमा अभियोगपत्र संशोधनको निवेदन पनि दिइसकेका छन्। तर जिल्ला अदालतले यही रिटलाई देखाउँदै यसको टुंगो लागेपछि मात्रै निर्णय गर्ने आदेश दिएका छन्।

कास्कीको सूर्यदर्शन, रूपन्देहीको सुप्रिम, काठमाडौंको स्वर्णलक्ष्मी र पर्साको सानो पाइला सहकारीको मुद्दामा लामिछानेलाई ठगीसँगै सम्पत्ति शुद्धीकरण र संगठित अपराधको कसुरमा पनि प्रतिवादी बनाइएको छ। चितवनमा भने सरकारी वकिलको कार्यालयले सम्पत्ति शुद्धीकरण र संगठित अपराधको कसुरमा प्रतिवादी नबनाउने निर्णय गरेको थियो।

कास्कीको सूर्यदर्शन सहकारीमा जीबी भन्ने गीतेन्द्रबाबु राईसहित विरुद्ध पहिल्यै मुद्दा दर्ता भइसकेको थियो । सुरुमा उनीहरूविरुद्ध सहकारी ठगीमा मात्रै मुद्दा चलाइएको थियो। तर रवि लामिछानेसहित विरुद्ध मुद्दा चलाउने बेलामा उनीहरूलाई पनि सम्पत्ति शुद्धीकरण र संगठित अपराधको कसुर थप गरिएको थियो।

» बाँकी ३ पेजमा

## बुटवलमा आजदेखि दुईदिने डिजिटल बिटुसी समिट




निःशुल्करुपमा सूचना प्रविधिको प्रदर्शनी गरिने समिटमा सामानको खरिद बिक्री नगरिने, तर बुकिङ भने गर्न सकिने आयोजकले जनाएका छन्।

बुटवल । कम्प्युटर एशोसिएसन नेपाल (क्यान) महासंघ रूपन्देहीको आयोजनामा शुक्रबार (आज) देखि बुटवलमा २ दिने 'डी-म्याक्स डिजिटल बिटुसी समिट' गरिँदै छ।

चैत १४ गतेसम्म बुटवलको सिद्धार्थ कटेजमा हुने समिटमा सूचना प्रविधिका नवीनतम् प्रविधि, उत्पादन तथा सेवाहरूको प्रदर्शनी गरिने आयोजकले जनाएका छन्।

क्यान महासंघले विगत २६ वर्षदेखि देशभर सूचना तथा सञ्चार प्रविधि क्षेत्रको विकासका लागि विभिन्न कार्यक्रम, सेमिनार, गोष्ठी तथा प्रदर्शनी गर्दै आएको सन्दर्भमा यो समिटलाई विशेष महत्वका साथ आयोजना गर्न लागिएको क्यान रुपन्देहीका अध्यक्ष जीवन अधिकारीले बताए। उनका अनुसार समिटमार्फत् विश्व बजारमा आएका नयाँ प्रविधिबारे सरोकारवालालाई जानकारी गराउने, व्यवसाय विस्तारमा सहयोग पुऱ्याउने तथा उपभोक्ता र व्यवसायीबिच प्रत्यक्ष सम्पर्क स्थापित गर्ने लक्ष्य राखिएको छ।

समिटमा क्यान महासंघका सदस्य संस्थासहित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आइटी कम्पनीहरूको सहभागिता रहनेछ। मुख्य प्रदर्शनी हलमा हार्डवेयर, सेल्स, पावर सोलुसन, सफ्टवेयरलगायत विभिन्न प्रविधिसम्बन्धी २८ वटा स्टल रहने छन्।

सूचना प्रविधिको प्रदर्शनी गरिने समिटमा कुनै पनि सामानको खरिद बिक्री गरिने छैन । यद्यपी बुकिङ भने गर्न सकिने आयोजक संस्थाका सचिव सुरेश भट्टराईले बताए।

समिटको अन्तिम दिन चैत १४ गते व्यवसायीहरूबिच अन्तरक्रिया गराउने उद्देश्यले 'बिटुबि समिट' पनि आयोजना गरिनेछ । यसले स्थानीय व्यवसायी र अन्तर्राष्ट्रिय आयातकर्ताबिच समन्वय र सहकार्य बढाउने विश्वास गरिएको छ।

कार्यक्रममा सर्वसाधारणका लागि निःशुल्क प्रवेशको व्यवस्था गरिएको छ। साथै स्थानीय तहका जनप्रतिनिधि, सरकारी अधिकारी, शैक्षिक संस्था, आईटी विद्यार्थी तथा व्यवसायीहरूलाई समिट अवलोकन गर्न आयोजकले आग्रह गरेका छन्।

आयोजकका अनुसार यस प्रकारका कार्यक्रमले सूचना प्रविधि क्षेत्रको समग्र विकासमा टेवा पुऱ्याउनुका साथै नयाँ प्रविधिसँग सर्वसाधारणलाई परिचित गराउने अपेक्षा गरिएको छ।

जनहितमा जारी सन्देश

**बन डढेलो रोकथाम तथा नियन्त्रण सम्बन्धी**
**डिभिजन वन कार्यालय, नवलपरासी (ब.सु.प.) को अत्यन्त जरुरी सूचना**

सुख्खा खडेरी तथा गर्मीको समयमा बन जङ्गलमा डढेलो लाग्ने प्रवल सम्भावना रहन्छ। यसले हाम्रो प्राकृतिक सम्पदा क्षण भरमै नष्ट भै वातावरणीय सन्तुलनमा ठूलो असर पुग्ने, पानीका मुहान सुक्ने, भू-क्षय हुने, वायुमण्डलमा कार्बन उत्सर्जन हुन गई जलवायू परिवर्तनमा असर पुग्ने र गाउँवस्ती समेतमा डढेलो फैलिन गई जनधनको ठूलो क्षती हुन सक्छ।
तसर्थ
- आ-आफ्नो वरिपरिको वन डढेलो लाग्न सक्ने क्षेत्र पहिचान गरी सो क्षेत्रमा विशेष निगरानी राखौं। - वन जङ्गल तथा मानिस आवात जावत गर्ने बाटो घाटो सडकको दायाँ वायाँ रहेको पातपतिङ्गर नियमित रुपमा हटाऔं।
- सलाई लाईटर जस्ता प्रज्वलनशिल वस्तु केटाकेटीहरुको पहुँचबाट टाढा राखौं। त्यस्ता वस्तु लिएर वन जङ्गल प्रवेश नगरौं।
- पिकनिक वनभोज जाँदा आगो बालेपछि आगो निभाएर मात्र छोडौं। वन जङ्गल छेउछाउबाट हिड्दा वा यात्रा गर्दा चुरोट विंडीका ठुटाहरु नफालौ।
- वन क्षेत्र भित्र आवश्यकता अनुसार अग्नीरेखा निर्माण र सो को नियमित सरसफाई गरौं। -वन उपभोक्ता समूहले अग्नी नियन्त्रकको व्यवस्था गरी वनको नियमित अनुगमन गर्ने व्यवस्था अनिवार्य रुपमा मिलाऔं।
- अग्नी निरोधक सामाग्रीको उचित व्यवस्थापन गरी तयारी अवस्थामा राखौं।
- खरबारीमा राम्रो घाँस पलाउने, वनमा च्याउ उम्रने, घरछेउबाट वन्यजन्तु भगाउने, वन्यजन्तुको शिकार गर्ने, अरिङ्गाल पोल्ने, जङ्गली मौरीको मह काढ्ने जस्ता सोच राखी डढेलो लगाउने प्रवृति विगतका वर्षहरुमा देखिएकोले यस्तो गैह्र कानूनी कार्य नगरौं नगराऔं।
- वन जङ्गलसँग जोडिएको खेतबारीमा कृषि वालीका ठुटाकुटी, भिंगटा वाली सकेपछि आगो निभाएर मात्र छोडौं।
- बन जंगलमा डढेलो लाग्न नदिऔं, लागि हालेमा सबै मिलि जुटाई तुरुन्त निभाऔं। खरबारीमा राम्रो घाँस पलाउने, वनमा च्याउ उम्रने, घर छेउबाट वन्यजन्तु भगाउने, वन्यजन्तुको शिकार गर्ने, अरिङ्गाल पोल्ने, जङ्गली मौरीको मह काढ्ने जस्ता सोच राखी डढेलो लगाउने प्रवृति विगतका वर्षहरुमा देखिएकोले यस्तो गैह्रकानूनी कार्य नगरौं नगराऔं।
- वनमा डढेलो लगाउने कार्य वन ऐन २०७६ बमोजिम फौजदारी कसूर भएको हुँदा त्यस्तो कार्य गर्नेलाई सोही ऐनबमोजिम क्षतिको विगो असुल उपर गरी ६०(साठी)हजार रुपैयाँसम्म जरिवाना र तीन वर्षसम्म कैद हुने भएकोले त्यस्तो कार्य कसैले नगरौं नगराऔं।
- आगलागीबाट आफू पनि बचौ अरुलाई पनि बचाऔं।
- आ-आफ्नो क्षेत्रमा आगलागी भएको जानकारी भएमा नजिकको वन कार्यालय, नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीमा खबर गरौं।

**आगलागीबाट बचौं र बचाऔं, वन्यजन्तु र प्राकृतिक सम्पदाको संरक्षण गरौं।**

डिभिजन वन कार्यालय
नवलपरासी, (ब.सु.प.), लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# कार्की आयोगले बिर्सेको जिम्मेवारी

भदौ २३ र २४ गतेको आन्दोलन र विध्वंशको छानबिन गर्न गठित जाँचबुझ आयोगको प्रतिवेदनले आयोगको औचित्य र जिम्मेवारीप्रति प्रश्न उठाएको छ । सरकारले प्रतिवेदन सार्वजनिक गर्न आनाकानी गरिरहेकै बेला सञ्चारमाध्यमहरुबाट सार्वजनिक भयो, त्यसपछि सरकार प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गर्न बाध्य भयो।

प्रतिवेदनले विधिको शासनलाई स्थापित गर्न, अराजकता र दण्डहिनता रोक्नका लागि पहलकदमीका लागि दिशानिर्देश गर्न सक्नुपर्दथ्यो । आयोगले परिभाषित जिम्मेवारी पूरा गर्न सक्दा नै विधिको शासनलाई स्थापित गर्न र अराजकता रोक्न बल पुऱ्याउन सक्थ्यो। कतिपय विषयमा आयोग परिभाषित जिम्मेवारीभन्दा बाहिर गएर प्रतिवेदनमा उल्लेख गरेको छ भने कपितय संवेदनशिल विषयका बारेमा सतही टिप्पणी गरेर प्रतिवेदन तयार गर्नु लज्जास्पद छ।

यो आयोगलाई भदौ २३ गते र २४ गतेको क्षति छानबिन गर्न जिम्मेवारी तोकिएको थियो। भदौ २३ गतेको घटनालाई अध्ययन गरेर प्रधानमन्त्री, गृहमन्त्री र प्रहरी प्रमुखलाई फौजदारीमा मुद्दा चलाउन अनुसन्धान गर्न सिफारिस गरेको छ। भदौ २३ गते संसद भवनमा तोडफोड र आगजनी सुरु भएपछि प्रहरीले गोली चलायो । यो घटनामा २३ जना युवाले ज्यान गुमाए । माइतीघर मण्डलादेखि संसद भवनसम्म ती युवा कसरी आए ? कसले अगुवाइ गऱ्यो ? त्यसो गर्नुको कारण के थियो ? यसबारेमा प्रतिवेदन केही बोल्दैन। तत्कालीन सरकार प्रमुखलाई दोषी देखाउने उद्देश्य नै प्रमुख देखिन्छ । भदौ २४ गतेको विध्वंशका बारेमा आयोगले सतही कुरा उल्लेख गरेको छ। प्रहरीको हत्या गर्ने, सिंहदरबार, सर्वोच्च अदालतजस्ता निकायमा आगो लगाउने, राजनैतिक नेताहरुको घरमा आगजनी गर्ने जस्ता घटनामा संलग्न व्यक्ति र उनीहरुलाई कानुनी दायरामा ल्याउनुपर्ने बारेमा प्रतिवेदनमा मिहिन ढंगले उल्लेख नहुनुले दण्डहिनतालाई बल पुऱ्याउँछ। भदौ २३ गतेको घटना भएकाले २४ गतेको घटना भएको हो भन्ने आग्रहपूर्ण सतही निष्कर्ष निकालेर विध्वंश पनि बेवास्ता गरिएको छ । फागुन २१ गते सम्पन्न चुनावमा दुई तिहाई नजिकको नतिजा ल्याउन सफल राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरुको संलग्नता र उनीहरुलाई हुनुपर्ने सजाय र कारवाहीका बारेमा मौन रहनुले आयोगको भूमिका प्रति प्रश्न उठेको छ । बरु कस्तो शासकीय स्वरुप, पत्रकारको योग्यता निर्धारण जस्ता विषयमा प्रवेश गरेर अनावश्यक क्षेत्रमा प्रवेश गरेर प्रतिवेदनलाई हल्का बनाइएको छ।

आयोगका अध्यक्ष गौरीबहादुर कार्की नै आयोगमा बस्न योग्य नभएको भन्दै प्रश्न निरन्तर उठ्यो । आयोगका अध्यक्षले जेनजी आन्दोलनका क्रममा निरन्तर अपवाह फैलाउने ढंगले सामाजिक सञ्जालमा आफ्ना धारणा राखेकाले उनी स्वंय यो आयोगका लागि अयोग्य पात्र हुन्। ती अयोग्य पात्रको अध्यक्षतामा अरु सदस्यले पनि आयोगमा नबस्ने भन्न सकेनन् । आयोगका पदाधिकारीको यही पृष्ठभूमिले नै हो, आयोगलाई कमजोर बनाएको । कमजोर आयोगले अब्बल प्रतिवेदन देला भन्ठान्नु नै कमजोरी हो। तर सन्तुलित प्रतिवेदन लिएर आयोगको भूमिकाप्रति आम रुपमा प्रश्न उठ्ने वातावरण बनाउँदै भन्ने विश्वासलाई तोडेको छ । यसले यस्ता छानबिन आयोग देखावटी ढंगले गठन हुन्छन्, उपलब्धिमूलक काम गर्न सक्तैनन् भन्ने धारणा बनाउन बल पुऱ्याएको छ । फितलो र पूर्वाग्रही प्रतिवेदन तयार गरेर गौरीबहादुर नेतृत्वको आयोगले आगामी सरकारलाई प्रतिवेदन कार्यान्वयन गर्न अप्ठारो बनाएको छ।

# जुन भेलले बालेन प्रधानमन्त्री बने, त्यस्तै भेलले फेरि बढारिन के बेर ?



विनबहादुर कुँवर

रास्वपा र प्रम बालेनको राजनीतिक भविष्यको निर्धारित हुनेछ। नत्र अन्यथा भए वा गरे जुन भेलले बालेन प्रम बने फेरि त्यही भेल र भिडले बालेन, रवि अनि रास्वपा सबलाई बढारेर दुरदराजमा पुऱ्याउने छ। राष्ट्रघाती दलाल चाहे ती सबै कोही अमेरिकी होउन वा ती भारतीय र चिनियाँ दलाल नै किन नहोऊन यी सबैको कुनै पनि अस्तित्व यहाँ रहने छैन।

अब देशमा रास्वपाका वरिष्ठ नेता बालेन शाहको नेतृत्वमा नयाँ सरकार बन्ने भएको छ । हिजो काठमाडौं महानगरपालिकाको मेयर हुँदा लगभग समूहगत रुपमा एक्लै भई काम चलाएका बालेन अहिले एकाएक संघीय प्रतिनिधि सभा सदस्यहरुको बहुमत त्यसमा पनि अझ दुई तिहाई निकट सभासदहरुको समर्थनमा प्रधानमन्त्री बन्ने छन्। स्वाभाविक छ रास्वपा र स्वयं बालेन शाह खुसी र प्रसन्न हुनु। त्यसमा पनि अझ बढी खुसी र प्रसन्न आम रास्वपा र बालेन समर्थक युवा अनि जनता देखिएका छन्। उनीहरुको प्रचारप्रसार र आवाज छ बालेन हाई-हाई कांग्रेस-एमाले-माओवादी सब बाई-बाई बालेन- रवि-हिरो, गगन- ओली- प्रचण्ड जिरो । हुन पनि कांग्रेसी गगन, एमाले, ओली त वास्तवमा अहिले नुन खाएको कुखुरो जस्तो निन्याउरो भएका छन्। तर नेकपाका प्रचण्ड भने अझै पनि फटपटाउँदै भनिरहेका छन्, देश र जनताका लागि प्रचण्डको आवश्यकता अझै नै छ। कुकुर तल परे पनि माथि परे पनि काई काई भनेको यही नै हो।

सर्वप्रथम रास्वपा र प्र.म. बालेन शाहको बारेमा केही कुरा लेख्नुभन्दा र भन्नुभन्दा पहिले यो वर्तमान देशको चालु राज्य सत्ता र व्यवस्थाको रुवरुपको बारेमा केही चर्चा गरौं। भन्न र लेख्नमा त यो चालु राज्य व्यवस्थालाई संघीय गणतान्त्रिक र लोकतान्त्रिक राज्य सत्ता र व्यवस्था भनिएको छ। तर सारमा यो राज्य सत्ता र व्यवस्थाको मूल चरित्र सामन्ती, दलाल र नोकरशाही बुर्जुवा प्रकारकै छ। देशको आर्थिक, सामाजिक र राजनीतिक एवम् सांस्कृतिक रुपले नै देशको वास्तविक अवस्था त्यस्तै नै छ । यसैले यहाँको हरेक समाज र हरेक व्यक्तिमा बोलाई र गराईमा फरक छ अर्थात् जे भनिन्छ, त्यो गरिन्न । कसैले गर्नै चाहे पनि त्यो गर्न दिइदैन । उल्टै हत्या, हिंसा र दमन गरिन्छ । सत्ताको मूल स्वरुप जस्तो छ त्यस्तै हुन्छ र गराइन्छ । जस्तो उदाहरण धेरै टाढा जानै परेन । यही बहुदलीय कालमा नै एमाले नेता मदन भण्डारी र जीवराज आश्रितको दासढुंगा प्रकरण त्यसपछि स्वयं पूर्व राजा वीरेन्द्रको वंशनास । गणतन्त्रको सुरुवातमै प्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्ड माथिको प्रधानसेनापति कटुवाल प्रकरण साथै हालै मात्र जेनजी आन्दोलनको क्रममा ने.का. सभापति देउवा-दम्पत्तिमाथि भएको कुटपिट र आक्रमण, आगजनीको घटना त्यस्तो प्रम केपी ओलीप्रति भएको त्यस्तो आक्रमणकारी दुर्व्यवहार।

आखिर यी सबै घटनाका पछि कुनै न कुनै रुपले देशी तथा विदेशी यस्तै सामन्ती, दलाल र नोकरशाही बुर्जुवा तत्वहरुकै हात छ। मदन भण्डारी राष्ट्रवादी छवि भएका नेता थिए। राजा वीरेन्द्र पनि त्यस्तै राष्ट्रवादी र तत्कालीन माओवादीहरुलाई समेत मेलमिलापमा ल्याउन चाहान्थे । त्यस्तै अहिले देउवा-एसपीपीलाई भित्र्याउन नचाहेका भने ओली चीनसँग मिली बि.आर.आई.लाई कार्यान्वयन गराउन चाहेको यी आदि विभिन्न घटनाक्रमका कारण यी सबमाथि यस्ता घटनाक्रम दोरिँदै आएको बुझिन्छ । जस्तो नेपालको पुरानो इतिहासमा नेपालको पहिलो प्रधानमन्त्री भीमसेन थापामाथि गरिएको यस्तै दुर्व्यवहार र हत्याका कारण एउटा ऐतिहासिक चर्चित भनाइ नै छ 'सतिले सरापेको यो देश ।' यसको वास्तविक अर्थ जसले देशको राष्ट्रियता र स्वाभिमान अनि जनताको वास्तविक जनवादी अधिकारको कुरा मात्रै नगरी त्यस्तो व्यवहार नै गर्न थाल्छ तब यहाँ भीमसेन बन्नु पर्दछ। कि कांग्रेसी देउवा, एमाले, ओली अनि प्रचण्ड-माधवहरुले जस्तै यिनै सामन्ती र दलालहरुकै अगाडि आत्मसमर्पण गरी कुकुरले पुच्छर टाङ मुनि लुकाई हिडे जस्तै चुप लागि बस्नु पर्छ।

बल्ल अब यही प्रश्न प्रम बालेन शाहमाथि आइपरेको छ। विश्वका हरेक राष्ट्रको पहिलो प्रश्न भनेको देशको राष्ट्रियता र स्वाभिमान अनि राष्ट्रिय अखण्डता र सार्वभौम अस्तित्वको हो । त्यसपछि बल्ल जनतन्त्र र जनजीविकाको हो । ठीक पहिलो यही प्रश्न नै अहिले प्रम बालेनमाथि तत्काल तेस्रिन पुगेको छ। एक प्रकारले पहिलो गाँसमै ढुंगा। हालै मात्र यही जुन १ गतेदेखि भारत र चीनबिच नेपालको भूमि कालापानी र लिपुलेक हुँदै वाणिज्य व्यापार आदानप्रदान गर्ने सहमति भएको छ। त्यस्तै अमेरिकाले एमसीसीको साथै एसपीपीलाई पनि तत्काल सदनबाट पारित गरी लागू गर्ने प्रस्ताव अघि सारिसकेको छ। यी दुई प्रश्न मध्ये पहिलो प्रश्न कालापानी र लिपुलेकमा अब प्र.म. बालेनको अडान के हुने ? सर्वप्रथम उक्त भूमि अर्थात् पश्चिम नेपालको कालापानी, लिपुलेक र लिम्पियाधुरा आदि नेपालकै हो यसमा कसैको पनि दुई मत नहोला । नेपालको चुच्चे नक्सा जारी भइसकेको छ । तर भारतले यसलाई अझै पनि स्वीकारेको स्थिति छैन । स्वयं भारतले उक्त भूमिलाई समेटी आफ्नो नयाँ नक्सा पनि जारी गरिसकेको छ। अब त नक्सा मात्रै होइन स्वयं उक्त भूमिबाट नै नयाँ बाटो बनाई चीनसँग माल सामान आदानप्रदान वाणिज्य व्यापार नै गर्न थालिसकेको छ। यस्तो कार्य गर्नुमा भारत मात्रै दोषी नभई चीन पनि दोषी छ।

भारतको नियत नै अतिक्रमणकारी छ । वर्षौंदेखि उक्त भूभागमा आफ्नो शैन्य वेश क्याम्प नै खडा गरिराखेको छ। यो भारतको विस्तारवादी सोंचको उपज हो। त्यसकारण प्रम बालेनको पहिलो मुख्य कार्यभार नै त्यसको विरोध गरी तत्काल त्यो बन्द गर्न भारतलाई भन्ने र चीनलाई समेत त्यसको जानकारी गराइनु पर्दछ । त्यसको विरोध नोट त भारतलाई यसभन्दा पहिलेका सरकारले पनि गराइसकेका छन् । स्वयं यसको बारेमा पूर्व प्रम ओलीको चीन भ्रमणको क्रममा चिनियाँ राष्ट्रपतिलाई समेत त्यस्तो जानकारी गराइसकेका छन्। अब त यो मात्रै नभएर उक्त क्षेत्रमा अवस्थित भारतीय सेनाहरुलाई तत्काल हटाउन नै भन्नु पर्ने हुन्छ। यति गर्दा पनि भारतले नटेरे त्यसपछि के गर्ने भनी तत्काल सर्वदलीय र सर्वपक्षीय राष्ट्रिय भेला गरी अरु कुनै ठोस कार्ययोजना बनाई अघि बढ्नुपर्ने हुन्छ। नेपाल-भारतबीचको यो भू-भाग र सिमा विवादलाई एकमुष्ट गराई भारत-चीन आवश्यक परे अन्तर्राष्ट्रिय छलफलको विषय बनाइनु पर्ने भएको छ। अब यो सबै कामको जिम्मा प्रम बालेन र रास्वपा पार्टीमाथि आइपरेको छ । जसरी हिजो नेपालको चुच्चे नक्सा सार्वजनिक गराई तत्कालीन प्रम ओली राष्ट्रिय हिरो बने अब त्यस्तै बन्ने पालो प्रम बालेनको आएको छ। अब हेरौ के हुन्छ ? हुन त वृहत नेपालकै नक्सा बनाइ हिजो आफ्नो कार्यालय कक्षमा राख्ने बालेनले अब फेरि यसको विरोध नगरी त्यत्तिकै बस्लान भन्ने अनुमान नै गर्न सकिन्न । तै पनि सत्ताले मान्छेलाई पागल बनाउँछ । पागल भई भारतकै दलाल बन्ने वा माथि भने जस्तै भीमसेन, मदन भण्डारी र राजा वीरेन्द्र के बन्ने ? साथै देशको राष्ट्रियता र स्वाभिमानप्रति सतिसाथ जस्तै अडिक भई बस्ने कि नबस्ने ? अब केही दिनभित्रमा नै यो प्रम बालेनको खास परीक्षाको घडी छ।

अब अर्को प्रश्न एमसीसी र एसपीपी नयाँ सम्झौता र खारेजीको छ । गत फागुन २१ को निर्वाचनमा रास्वपा र बालेनको विजय पछि तत्कालै अमेरिकी विदेश विभागका एक कर्मचारीले बालेनलाई बधाई ज्ञापन गर्दै नेपालको सुरक्षा सम्बन्धी चाँसो व्यक्त गरेका थिए । त्यसका लागि अमेरिका गम्भीर भएको र त्यसमा बालेन रविका साथ मिली काम गर्ने आशा व्यक्त भइसकेको छ। त्यस्तै सन्देश फेरि भारतीय प्रधानमन्त्री मोदीले अझ मोदीले त बालेन रवि दुवैलाई नै तत्काल टेलिफोन नै गरी यस्तो सन्देश व्यक्त गरिरहेका छन् । हिजो यो विषयमा बालेन खुलेर नबोले पनि उनका कतिपय भनाई र हाउभाउले उनी एउटा राष्ट्रवादी भएको अनुमान गर्न सकिन्थ्यो। त्यही मान्यता आम नेपाली जनताको अहिले पनि भएको पाइन्छ । अझ यतिसम्मकि कुनै एक उनको फेसबुक स्टाटसमा सिधैं उनले फेक इण्डिया त्यस्तै फेक अमेरिका अनि चाइना आदि लेखी अमेरिका, चीन, र भारतको निन्दा र घृणा गरेका थिए। यदि साँच्चै नै होस मै भएको बेलामा यो लेखिएको हो भने त्यो सकारात्मक र राष्ट्रियताप्रतिको संवेदनशीलता नै भएको बुझिन्छ। धेरैले यो सब कुनै नशाको तालमा लेखिएको वा भनिएको भन्ने पनि गरेका छन् । जे होस् यसको पनि वास्तविक परीक्षा अब छिट्टै हुनेवाला छ । अमेरिकी उच्च अधिकारीहरु यहाँ आई सेनाका प्रमुख सेनापतिसँग भेटवार्ता गरिसकेका छन्। जुन प्रस्ताव अर्थात एसपीपी स्टेट पाटनरसिप प्रोग्राम यसभन्दा पहिले पनि प्रस्तुत भएको तर त्यसलाई अनुमोदन नगर्दाको परिणाम नै देउवा- आरजु र ओलीमाथिको सांघाती आक्रमण भएको भनिदैछ। कुरा स्पष्ट छ एमसीसीकै विकसित रुप एसपीपी हो र त्यसैको आधारमा अमेरिकाले यहाँ जस्तो अरब मुलुकहरुमा जस्तै सैनिक अखडा बनाउने नै उसको मुख्य चाहना र लक्ष्य हो । जसको परिणाम अहिले ती सब अरब मुलुकहरुले प्रत्यक्ष भोग्दैछन्।

इजराइल-अमेरिका विरुद्ध इरानी हमलामा अर्थात् साढेको जुधाई बाच्छाको मिचाई भने जस्तै विभिन्न अरब मुलुकहरुलाई धुलो पिठो बनाउँदैछन्। ठीक यो अवस्था कुनै कारण यहाँ नेपालमा पनि एमसीसी खारेज गरिने र एसपीपी लागू गरियो भने त्यस्तै हुने निश्चित जस्तै छ । एकातिर चीन-भारत अर्कातिर अमेरिका बीचको द्वन्द्वको सब मार नेपाल र नेपाली जनताले भोग्न पर्ने सम्भावना छ। त्यसकारण पनि यो मामिला प्रम बालेनका लागि अझ बढी संवेदनशीलता छ। आशा गरौं नेपाल पहिलेदेखि नै असंलग्न परराष्ट्र नीति र पञ्चशीलताको सिद्धान्तमा आधारित एक स्वतन्त्रता र सार्वभौम सम्पन्न स्वाभिमान मुलुक हो। यसलाई यसरी नै लिने र त्यही अनुरुप जस्तो हालै मात्र श्रीलंकाले अमेरिका, इजराइल र इरानबिचको द्वन्द्वमा त्यस्तै असंलग्न परराष्ट्र नीति अपनाई देखाएकोमा त्यसको चौतर्फी प्रसंशा नेपालले पनि अझ वर्तमान प्रम बालेनले पनि पाउन हाम्रो शुभकामना छ।

अन्त्यमा यी माथि उल्लेखित तत्कालीन अति समसामयिक एजेण्डाप्रतिको धारणा अनि यसको व्यवहारिक कार्यान्वयनले नै रास्वपा र प्रम बालेनको राजनीतिक भविष्यको निर्धारित हुनेछ। नत्र अन्यथा भए वा गरे जुन भेलले बालेन प्रम बने फेरि त्यही भेल र भिडले बालेन, रवि अनि रास्वपा सबलाई बढारेर दुरदराजमा पुऱ्याउने छ। राष्ट्रघाती दलाल चाहे ती सबै कोही अमेरिकी होउन वा ती भारतीय र चिनियाँ दलाल नै किन नहोऊन यी सबैको कुनै पनि अस्तित्व यहाँ रहने छैन।

# बजेट अभावमा बहुवर्षीय सडक आयोजना प्रभावित



म्याग्दी। बजेट अभावका कारण गण्डकी प्रदेश सरकारमार्फत् जिल्लामा सञ्चालित रणनीतिक महत्वका बहुवर्षीय सडक आयोजनाहरुको निर्माण प्रभावित बनेको छ।

पूर्वाधार विकास कार्यालयलाई प्रदेश सरकारले बहुवर्षीय आयोजनाका लागि विनियोजन गरेको बजेट सकिएपछि व्यवसायीले भुक्तानी पाएका छैनन् । कार्यालयका अनुसार म्याग्दीमा चालु आर्थिक वर्षका सडक पूर्वाधारसम्बन्धी ३२ योजनाका लागि रु ६२ करोड विनियोजन भएको थियो।

बेनी-पाखापानी सडकको भुतादैला- तोरीपानी खण्डको चार किलोमिटर दूरीमा कालोपत्र र ग्राभेल गर्ने कार्य लक्ष्यभन्दा पाँच महिनाअघिनै सम्पन्न भए पनि बजेट अभावमा भुक्तानी नपाउँदा समस्या भएको निर्माण व्यवसायी सुवासचन्द्र कार्कीले बताए । रु दुई करोड बजेट विनियोजन भएको यो योजनाका लागि थप रु दुई करोड ५० लाख बजेट अपुग भएको छ।

गलेश्वर-पुलाश्रम (पछै)- जगन्नाथ जोड्ने सडक आयोजनाका निर्माण व्यवसायी भीम सापकोटाले पनि लक्ष्यभन्दा पाँच महिनाअघिनै योजना सम्पन्न गरे पनि बजेट अभावका कारण ऋण खोजेर मजदुरको ज्याला र आपूर्तिकर्तालाई भुक्तानी दिनुपरेको गुनासो गरे। हाडेभिर- बगरफाँट- भकिम्ली र भगवती- सिजलगाउँ -बेग सडक योजनाका निर्माण व्यवसायी नीरज भण्डारीले बजेट सकिएपछि निर्माण कार्य स्थगित गरेको बताए।

क्रमागत १७ वटा योजनाका लागि रु ५२ करोड र नयाँ १५ वटा योजनाका लागि रु १० करोड बजेट प्राप्त भएको थियो । सङ्घीय र प्रदेश सरकारको लागत साझेदारीमा गत वर्ष ठेक्का सम्झौता र यस वर्ष रु २३ करोड २२ लाख बजेट बिनियोजन भएको दरवाङ- ताकम- शिवाङ - मुना - जलजला - ढोरपाटनबाहेक धेरैजसो सडकमा बजेट अभाव भएको पूर्वाधार विकास कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर डा महेन्द्र बानियाँले जनाए।

"सालबसाली योजनाहरुको ठेक्का प्रतिस्पर्धाको क्रममा घटेको करिब डेढ करोड आन्तरिक रकमान्तर र थप रु आठ करोड ४५ लाख रकमान्तरका लागि मन्त्रालयमा सिफारिस गरेका छौं", उनले भने-"बजेट भएका योजनामा काम नहुँदा खर्च गर्न सकिएको छैन, काम भएका योजनाको बजेट सकिएपछि व्यवसायीलाई काममा लगाउन समस्या भएको छ।"

बेनी- दरवाङ- कल्लेनी- ताकम- मुना- जलजला, दरवाङ-अदिभारा- डाडागाउँ- सोले- तमान- बुर्तीवाङ, पखेर बरङ्जा ३ र ४ हुँदै महेश धापुङ ताराखोला गापा जोड्ने सडक, दरवाङ- मुना- ढोरपाटन, दरवाङ -बिम -दिच्याम, दरखोला सडक पुल, शिवरात्रि खोला सडक पुल, रुमदेखि ताराखोला जोड्ने सडक, दाङखोला पुल र साँवता थापाचौर झोलुङ्गे पुल निर्वाचन क्षेत्र १(२) का क्रमागत बहुवर्षीय योजनाहरु हुन्।

निर्वाचन क्षेत्र १(क) मा बेनी-तोरीपानी, हाँडेभिर-बगरफाँट-दूधेखोला- हल्लेगौडा-डोलेमुसुङ, गलेश्वर -पिप्ले - भगवति, गलेश्वर-पुलाश्रम, चित्रे-घोडेपानी, भगवति-सिजलगाउँ-बेग जोड्ने क्रमागत बहुवर्षीय सडक निर्माणाधीन छन्।

रु एक/एक करोड बजेट विनियोजन भएको बिम-मराङ-मल्कवाङ -पाखापानी, जैसीखोर- खहरेखोला- रिसिन चौतारी हुँदै बैसरी सडक स्तरोन्नति योजनाको बहुवर्षीय ठेक्का आह्वान भएको छ । रु एक करोड बजेट विनियोजन भएको फापरखेत पहिरोको वैकल्पिक मार्गमा पर्ने म्याग्दीखोलामा बेलिब्रिज निर्माणका लागि बहुवर्षीय ठेक्का आह्वान गर्न स्रोत सुनिश्चितता भएको छ।

जिल्लाका प्रदेशसभा सदस्यद्वय रेशमबहादुर जुग्जाली र हरिबहादुर भण्डारीले बजेट अभावमा सडकको निर्माण अवधि लम्बिने अवस्था देखिएको विषयमा प्रदेश सरकार र विभागीयमन्त्रीको ध्यानाकर्षण गराएको बताए । अपुग बजेट रकमान्तरण गरेर काम गरेका व्यवसायीलाई भुक्तानीको व्यवस्था मिलाउन सरकारसँग पहल गरिरहेको उनीहरुले बताए।

# गर्मीको सुरुवातसँगै कस्तो खानेकुरा खाने ?

बिस्तारै गर्मी मौसमको सुरुवात भइरहेको छ र तापक्रम पनि बढ्दै गइरहेको छ । यस्तो समयमा शरीरलाई शीतल राख्ने र पानीको मात्रा सन्तुलित बनाउने खानेकुरा खानु स्वास्थ्यका लागि लाभदायक हुन्छ।

पसिना धेरै आउने हुनाले शरीरलाई 'हाइड्रेटेड' राख्न पानीको मात्रा बढी भएका फलफूल, दही, मही र हरियो सागसब्जीको सेवनमा जोड दिनुपर्छ।

पोषणविद् डा. अरुणा उप्रेतीका अनुसार, गर्मीमा हल्का, पानीयुक्त र सजिलै पच्ने खाना खानु राम्रो हुन्छ, जसले शरीरको तापक्रम नियन्त्रण गर्नुका साथै डिहाइड्रेसन (जलवियोजन) बाट बचाउँछ।

**गर्मी मौसममा उपयुक्त खानेकुराहरू:**

**पानीयुक्त फलफूल:**

खरबुजा (जसमा ९२% पानी हुन्छ), मेवा, आँप र स्ट्रबेरी जस्ता फलफूलले शरीरमा पानीको कमी हुन दिँदैनन्।

**मौसमी तरकारी:**

काँक्रो, गाँजर, गोलभेडा र पालुङ्गो जस्ता हरिया सागसब्जीको सेवन फाइदाजनक हुन्छ।

**स्वस्थ तरल पदार्थ:**

दही, मही, लस्सी, नरिवलको पानी र सतुको सर्वत पिउनाले शरीरलाई भित्रैदेखि चिसो राख्न मद्दत पुग्छ।

**हल्का खाना:**

ओट्स, सातु वा घरमै तयार पारिएका सजिलै पच्ने हल्का खानेकुरा खानु उत्तम हुन्छ।

**गर्मीमा के नखाने ?**

**मसलेदार र चिल्लो खाना:**

धेरै मसला हालिएका, चिल्लो र तारिएका खानेकुराले शरीरमा गर्मी बढाउँछन् र पाचनमा समस्या ल्याउँछन्।

**तातो बनाउने खाद्यवस्तु:**

मासु र अण्डा जस्ता शरीरको तापक्रम बढाउने खानेकुराको मात्रा कम गर्नु राम्रो हुन्छ।

**बट्टाका पेय पदार्थ:**

कोक, फेन्टा जस्ता अत्यधिक चिनी भएका र बट्टामा राखिएका पेय पदार्थको सट्टा प्राकृतिक रस वा पानी रोज्नुपर्छ।

**जंक फूड र सडकका खाना:**

जंक फूड र बाहिर खुला राखिएका खानेकुरा (पानीपुरी, चटपटे आदि) बाट बच्नुपर्छ, किनकि गर्मीमा यस्ता खानेकुरा चाँडै बिग्रने र संक्रमण फैलाउने डर हुन्छ।

स्वास्थ्य खबरबाट

# उद्योग संघमा गार्मेन्ट र हस्तकला वस्तुगत समिति गठन

बुटवल । रुपन्देही उद्योग संघमा आबद्ध गार्मेन्ट तथा हस्तकला उद्योगीहरुको भेलाले बुधबार गार्मेन्ट तथा हस्तकला वस्तुगत समिति गठन गरेको छ । संघका द्वितीय उपाध्यक्ष एवं कार्यक्रम संयोजक हरिबहादुर खत्रीको अध्यक्षता संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीको प्रमुख आतिथ्यता एवं संघका पदाधिकारी तथा कार्य समिति सदस्यहरु एवं गार्मेन्ट तथा हस्तकला उद्योगीहरुको उपस्थितिमा भेला सम्पन्न भएको हो ।

गार्मेन्ट तथा हस्तकला उद्योगीहरुको भेलाबाट बुटवल गैरे होजियारी उद्योगका सञ्चालक हरि गैरेको संयोजकत्वमा ७. सदस्यीय वस्तुगत समिति गठन गरिएको छ । गठित समितिको सह-संयोजकमा सिद्धार्थ गार्मेन्ट उद्योगका केशव पौडेल, सचिवमा ओम शान्ति ढाका टोपी उद्योगका गिरिराज पौडेल, सदस्यहरुमा स्वस्तिक ग्रार्मेन्ट उद्योगका चन्द्र फुल्लेल र धर्मा गार्मेन्ट्स उद्योगका प्रमोद शर्मा तिवारी र न्यू मुनलाइट होजियारी उद्योगका तुल्सीराम गैरे रहेका छन् । भेलाले समितिको सल्लाहकारहरुमा संघका प्रथम उपाध्यक्ष हरिबहादुर खत्री, महिला सचिव मन्जु भुसाल, कार्य समिति सदस्य घनश्याम पौडेल-रामु), अनिस कशौधन र दुर्गा होजियारी उद्योगका मुक्तिप्रसाद भण्डारीलाई चयन गरेको छ ।

संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले भेलामा सम्बोधन गर्दै गार्मेन्ट तथा हस्तकला उद्योग समितिको क्रियाशिलता, उद्योगीका समग्र विषय उठान र संस्थालाई झकझकाउन क्रियाशिल रहने अपेक्षासहित नवगठित समितिलाई बधाई तथा शुभकामना दिए । भेलामा नवनिर्वाचित संयोजक हरि गैरेले गार्मेन्ट र होजियारी क्षेत्रका समस्या र गतिविधि संस्थासम्म ल्याइपुऱ्याउन कटिबद्ध रहेको बताउँदै उद्योगी र संस्थाबिच समन्वय गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रम संयोजक तथा प्रथम उपाध्यक्ष हरिबहादुर खत्रीले स्वागत गर्दै वस्तुगत समिति गठनको उद्देश्यमाथि प्रकाश पारेका थिए । संघका महासचिव सुमन बस्यालको सञ्चालनमा सम्पन्न भेलामा संघका कोषाध्यक्ष बिशाल बेलवासे, महिला सचिव मन्जु भुसाल, सचिवालय सदस्य शारदा भट्टराई कार्यसमिति सदस्य यादव गैरे, प्रज्वल थान्जु, दिलु शाही एवं विभिन्न गार्मेन्ट तथा हस्तकला उद्योगीहरुको उपस्थिति रहेको थियो । भेलामा संघका द्वितीय उापाध्यक्ष युवराज आचार्यले धन्यवाद ज्ञापन गरेका थिए ।

# बहुउद्देश्यीय कभर्डहल निर्माण रोकियो



महेन्द्रनगर । सुदूरपश्चिम प्रदेश सरकारको सहयोगमा कञ्चनपुरको महेन्द्रनगरस्थित कभर्डहल परिसरमा निर्माणाधीनबहुउद्देश्यीयकभर्डहलको काम आठ महिनादेखि ठप्प छ ।

विसं २०८० असारदेखि प्रदेश सरकारको सहयोगमा निर्माण सुरु भएको बहुउद्देश्यीय कर्भहलको ७० प्रतिशत काम सकिए पनि प्यारापिट निर्माणका विषयमा उल्झन आउँदा निर्माण रोकिएको हो । कभर्डहल निर्माणको जिम्मा पाएको बैजनाथ-कन्टुर जेभीका सञ्चालक सुनिल कुवँरले प्यारापिट निर्माणका लागि भेरिएसन अर्डर (भिओ) नहुँदा आठ महिनादेखि काम रोकिएको बताए ।

"आठ महिनाअघि भिओका लागि प्रक्रिया थालिए पनि प्रदेश सरकारबाट सुनुवाइ भएन", उनले भने-"प्रदेश सामाजिक विकास मन्त्रालयले उक्त विषय किनारा लगाउनुपर्ने हो तर ढिलो भयो ।"

तेह्र करोड तीन लाख २८ हजारमा निर्माण हुने कभर्डहल निर्माणको समयावधि आगामी असारसम्म रहेको निर्माण कम्पनीले जनाएको छ । तीस महिनाभित्र निर्माण सक्ने गरी ठेक्का सम्झौता भए पनि सरकारी प्रक्रियागत ढिलाइकै कारण काम हुन नसकेको हो ।

प्रदेश सामाजिक विकास मन्त्रालयमा प्राविधिक सहयोग गरिरहेका सामाजिक विकास कार्यालय धनगढीका इञ्जिनियर रमेश ऐरीले महेन्द्रनगरको कभर्डहलको प्यारापिट निर्माणको विषय चाँडै हुने बताए ।

"इट्टाकै स्टेप बनाएर प्यारापिट बनाउने भन्ने छ", इञ्जिनियर ऐरीले भने-"अब चाँडै सचिवस्तरबाट यो विषय टुङ्गोमा पुगेर काम अगाडि बढ्नेछ ।" उनले कभर्डहल बने विभिन्न खेल सञ्चालनका साथै नियमित प्रशिक्षणमा सहजता मिल्ने जनाए । सुदूरपश्चिम प्रदेश सरकारले खेलकुद क्षेत्रलाई प्राथमिकता राख्दै ठूला संरचना निर्माणका लागि महेन्द्रनगरमा बहुउद्देश्यीय कभर्डहल र टीकापुरमा स्पोर्टस एकेडेमी निर्माण गरिरहेको हो ।

टीकापुरमा गत वर्ष नै स्पोर्टस् एकेडेमी निर्माण सम्पन्न भइसके पनि निर्माण कम्पनीले हस्तान्तरण गर्न पाएको छैन । दश करोडको लागतमा निर्माण भएको एकेडेमी सञ्चालनका लागि कार्यविधि प्रदेश सामाजिक विकास मन्त्रालयले बनाउन नसक्दा हस्तान्तरणमा ढिलाइ भएको हो । मन्त्रालयका विशेष शिक्षा, शैक्षिक योजना र युवा तथा खेलकुद शाखाका वरिष्ठ शिक्षा अधिकृत धनराज धामी एकेडेमी सञ्चालनको शैलीका विषयमा छलफल भइरहेको बताउँछन् ।

"एकेडेमी आफैँ सञ्चालन गर्ने कि स्थानीय तहलाई हस्तान्तरण गर्नेलगायत सञ्चालनका विषयमा कार्यविधि बनेपछि एकेडेमीको स्वामित्व लिन्छौँ", उनले भने-"यो विषयमा माथिल्लो तहमा छलफल भइरहेको छ ।"


## Government of GandakiProvince
## Ministry of Health
# MadhyabinduProvincial Hospital
## Nawalparasi(East of Bardaghat Susta), Nepal

# Invitation for Sealed Quotations

**Date of Publication: 27th Mar, 2026 (2082/12/13)**

Madhyabindu Provincial Hospital, Nawalparasi (East of Bardaghat Susta) invites sealed quotations from eligible bidders for the Contracts name of below.

| S.N. | Contract No. | Description of Works | Bid Va-lidityPeriod / BidSecurity Validity | EstimatedA-mountWith-VAT (NRs) | Bid Security Amount(NRs) | Bid Docu-mentFee (NRs) | Deadline of BidSubmission | Date and Time of BidOpening |
|---|---|---|---|---|---|---|---|---|
| 1. | MPH-NAW(BSE)-W-SQ-01 2082/83 | Furniture and Furnishing Works at Mad-hyabinduPriv-incial Hospital (Interiors Works) | 75DaysSealed-Bid | 1,998,128.04 | 50,000.00 | 1000 | 2082/12/29 till 12:00 Noon | 2082/12/29 at 2:00 PM |
| 2. | MPH-NAW(BSE)-G-SQ-02 2082-83 | FurnitureKhar-id Works at Madhyabindu-Privincial Hospital | 75DaysSealed-Bid | 1,999,422.00 | 50,000.00 | 1000 | 2082/12/29 till 12:00 Noon | 2082/12/29 at 2:00 PM |

1. Bidders may obtains further information at the Madhya bindu Provincial Hospital, Tel: 078-418046 ormayvisit PPMO e-GP Systemhttps://bolpatra.gov.np/egp.

2. Bidding Document available online and can be download from e-GpSystem.

3. If bidder wishestosu bmitthe Bid Security and Bid Document Costin the form of cash, the cash should be depositedin the following:
Bank Name: Rastriya Banijya Bank, Kawasoti Branch
Account Name: Madhya bindu Provincial Hospital
Account No.: 3200100202030000 Dharauti Khata
Office Code No.: 3700146014
For Bid Document Cost Rajaswa Sirsak No.:14229
4. If the last date of submission or opening fallson a government holiday then thenextworkingdayshall be considered.

5. Bidder shall have the option of submittin gtheir bids electroni cally only. Submission of hard copy bids shall not be entertained.

6. Matters not covered in this notice shall be in accor dance will prevailing Rules and regulation of GoN.

7. Any amendment in the tender noticewill be posted in thenoticeboard of office and PPMO'S website www.bolpatra.gov.np/egp



# माउण्ट एभरेष्ट डिष्टिलरी लिमिटेड
तिलोत्तमा–१४, टिकुलीगढ, रुपन्देही

## मूल्य सूची सम्बन्धी सूचना

यस डिष्टिलरीबाट उत्पादित निम्न ब्राण्डका मदिराहरु २०८२/१२/१५ गतेदेखि नेपालभर लागू हुने गरी मुल्य सूची प्रकाशित गरिएकोले सम्वन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

| Brand Name | UP | ML | ND | ND commi. | Distributors | Distributors Comm. | WS | WS Comm. | Retail | "Retail | Consumer | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | Case | Unit |
| Gold Box | 50 | 180 | 6,640 | 60 | 6,700 | 270 | 6,970 | 310 | 7,280 | 1,600 | 8,880 | 185 |
| Boxer | 50 | 180 | 6,440 | 60 | 6,500 | 250 | 6,750 | 300 | 7,050 | 1,590 | 8,640 | 180 |
| DX-White | 50 | 180 | 6,440 | 60 | 6,500 | 250 | 6,750 | 300 | 7,050 | 1,590 | 8,640 | 180 |
| DX-Red | 50 | 180 | 6,440 | 60 | 6,500 | 250 | 6,750 | 300 | 7,050 | 1,590 | 8,640 | 180 |
| Mount Class | 50 | 180 | 6,640 | 60 | 6,700 | 270 | 6,970 | 310 | 7,280 | 1,600 | 8,880 | 185 |
| Tali Red | 50 | 180 | 6,440 | 60 | 6,500 | 250 | 6,750 | 300 | 7,050 | 1,590 | 8,640 | 180 |
| Tali White | 50 | 180 | 6,440 | 60 | 6,500 | 250 | 6,750 | 300 | 7,050 | 1,590 | 8,640 | 180 |
| White Diamond | 50 | 180 | 6,440 | 60 | 6,500 | 250 | 6,750 | 300 | 7,050 | 1,590 | 8,640 | 180 |
| FIDA Apple | 50 | 180 | 6,640 | 60 | 6,700 | 270 | 6,970 | 310 | 7,280 | 1,600 | 8,880 | 185 |
| T-20 Plus | 70 | 300 | 2,140 | 60 | 2,200 | 150 | 2,350 | 200 | 2,550 | 900 | 3,450 | 115 |
| Mala | 70 | 300 | 1,370 | 30 | 1,400 | 100 | 1,500 | 110 | 1,610 | 430 | 2,040 | 68 |
| Rudra | 70 | 300 | 1,370 | 30 | 1,400 | 100 | 1,500 | 110 | 1,610 | 430 | 2,040 | 68 |
| Umaga | 70 | 300 | 1,270 | 30 | 1,300 | 70 | 1,370 | 70 | 1,440 | 300 | 1,740 | 58 |
| Hazari | 70 | 300 | 1,320 | 30 | 1,350 | 90 | 1,440 | 110 | 1,550 | 400 | 1,950 | 65 |
| Hazari Premium | 70 | 300 | 1,570 | 30 | 1,600 | 100 | 1,700 | 110 | 1,810 | 440 | 2,250 | 75 |
| Julie | 70 | 300 | 1,250 | 30 | 1,280 | 60 | 1,340 | 60 | 1,400 | 250 | 1,650 | 55 |
| 20-20 (Apple/ Orange/ Litchi / Lemon / XXX) | 70 | 300 | 1,230 | 20 | 1,250 | 50 | 1,300 | 50 | 1,350 | 150 | 1,500 | 50 |

उपर्युक्त मूल्यमा अन्तःशुल्क तथा मु .अ . कर समावेश गरिएको छ ।
उपर्युक्त मूल्यमा ढुवानी भाडा समेत समावेश गरिएको छ। साथै सो बिक्री मूल्यहरुमा व्यवसायिक आवश्यकता अनुसार विभिन्न व्यापारिक एवं अन्य छुटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको सोध भर्ना दिन सकिने छ ।



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

# प्यूठानमा चिनियाँ लगानीमा जडीबुटी प्रशोधन केन्द्र



**लवकुमार अधिकारी**
*प्यूठान*

माण्डवी गाउँपालिकामा जडीबुटी प्रशोधन केन्द्र सञ्चालनमा आएको छ। चिनियाँ नागरिकको लगानी रहेको छ्वाङ रन बायोटेक्नोलोजी प्रालि नामको कम्पनीले उक्त केन्द्र स्थापना गरेको हो।

माण्डवी गाउँपालिका - ३ जाबुनेमा २०८२ असोजमा स्थापना गरिएको प्रशोधन केन्द्र २० रोपनी क्षेत्रफलमा फैलिएको कम्पनीका व्यवस्थापक दोभाषे पवन पौडेलले बताए। 'प्रशोधन केन्द्रमा हाल ३ चिनियाँ र ५ नेपाली गरि ८ जना कर्मचारी नियमित रूपमा कार्यरत छन्,' उनले भने-'कामको चाप बढेका बेला भने १५ देखि २० जनासम्म स्थानीय कामदार परिचालन गरिएको छ।' दैनिक ज्यालादारीमा काम गर्ने कामदारलाई १२ सय देखि १४ सय रुपैयाँसम्म पारिश्रमिक प्रदान गरिने गरेको कम्पनीका व्यवस्थापक पौडेलले जानकारी दिए। यस केन्द्रमा मुख्य रूपमा गानेगुर्जो (गुर्जो) प्रशोधन गरिन्छ। जसको प्रयोग औषधिजन्य उत्पादनमा हुने गर्दछ। प्रशोधन केन्द्रका लागि आवश्यक कच्चा पदार्थ जाजरकोट, प्यूठान र रोल्पा जिल्लाबाट संकलन गरिराखेको व्यवस्थापक पौडेलले जानकारी दिए।

५० लाख रुपैयाँको लगानी रहेको प्रशोधन केन्द्रमा हालसम्म करिब ६० टन गानेगुर्जो संकलन गरी प्रशोधन गरिसकेको कम्पनीका प्रोप्राइटर चिनियाँ नागरिक याङ वेनोलुङले बताए। 'गुर्जो प्रशोधन गर्ने प्रक्रिया भने समय लाग्नेछ,' उनले भने- 'सुरुमा संकलित गुर्जोलाई स-साना टुक्रामा काटिन्छ।

त्यसपछि ती टुक्रालाई ३० देखि ३५ दिनसम्म पानीमा भिजाएर खाडलमा राखिन्छ।' यस प्रक्रियाबाट गुर्जो नरम बनाइन्छ र त्यसपछि केही रसायन मिसाएर यसको रस निकाल्ने गरिन्छ। सोही रसलाई प्रशोधन गरी निर्यातयोग्य बनाइने प्रोप्राइटर वेनोलुङले जानकारी दिए। प्रशोधन केन्द्र सञ्चालनका लागि ८ जनाको जमिन वार्षिक ३ लाख ५० हजार रुपैयाँका दरले ७ वर्षका लागि भाडामा लिएको समेत प्रोप्राइटर वेनोलुङले बताए।

प्रशोधित गरी छुट्याइएको गुर्जोको टुक्राहरुलाई फेरि कम्पोष्ट मलको रुपमा प्रयोगमा ल्याउने गरिन्छ। यस उद्योगबाट प्रशोधित गरिएको गुर्जो निर्यात गर्नुअघि जिल्ला वन कार्यालय प्यूठानमा राजस्व दाखिला गरेपछि मात्र गुर्जो(कच्चापदार्थ) निकासी गरिने समेत उनले जनाए। वेनोलुङका अनुसार यसरी प्रशोधन गरिएको कच्चापदार्थ औषधिको रुपमा प्रयोग हुनुका साथै मुख्यतः चीनमा निर्यात हुनेछ।

लालस्टोर जडीबुटी संकलन फर्म रोल्पाका व्यवसाय टेकबहादुर घर्ती मगरका अनुसार पछिल्लो तीन महिनाको अवधिमा करिब ३० टन गानेगुर्जो यस केन्द्रमा बिक्री गरेको बताए। 'रोल्पाबाट स्थानीयहरुले संकलन गरेको गुर्जो खरिद गरी प्रतिकेजी ३५ रुपैयाँका दरले यस प्रशोधन केन्द्रमा बिक्री गरेको छु।' उनले भने-'जिल्ला वन कार्यालय रोल्पाबाट गुर्जो निकासी गर्ने क्रममा प्रतिकेजी ७ रुपैयाँका दरले राजस्व तिरेपछि निकासी गर्न पाइन्छ।' प्यूठानमा यस प्रकारको प्रशोधन केन्द्र स्थापना हुँदा जडीबुटी व्यवसायीलाई मात्र फाइदा नभई यसबाट स्थानीय संकलनकर्ताहरूलाई समेत आम्दानीको स्रोत बढेको बताए।

यस उद्योगले स्थानीयस्तरमा रोजगारी सिर्जना गर्नुका साथै जडीबुटीको व्यवसायिक उत्पादन र निर्यातमा समेत टेवा पुर्‍याउने अपेक्षा गरिएको माण्डवी गाउँपालिका - ३ का वडाध्यक्ष धनेन्द्र कार्कीले बताए।

'स्थानीय स्तरमा जडीबुटी संकलन र बिक्री गर्ने किसान र व्यापारीलाई यस प्रशोधन केन्द्रले आर्थिकस्तर उठाउन मद्दत गर्छ,' उनले भने-'चिनियाँ नागरिकद्वारा लगानी गरिएको यस उद्योगले पालिकाको आन्तरिक राजस्वमा वृद्धि गर्नुका साथै रोजगारी सिर्जना र जडीबुटीको व्यापारलाई व्यवस्थित बनाउन सहयोग पुग्ने देखिन्छ।' अब स्थानीय तहले जडीबुटी संकलन र प्रशोधनमा दीगो व्यवस्थापन उचित नियमन र संरक्षणमा नीति निर्माणतर्फ ध्यान दिए ग्रामीण अर्थतन्त्रलाई मजबुत बनाउन महत्वपूर्ण भूमिका खेल्ने वडाध्यक्ष कार्कीको भनाइ रहेको छ।

# को हुन् विश्व विख्यात यी साहसी नेपाली ?



**प्रेम सुनार**
*गुल्मी*

राइफलम्यान कर्णबहादुर राना गुल्मी फोक्सिङ गाउँका बासिन्दा थिए।

उनी तत्कालीन बृटिश गोर्खा सेनाका सदस्य थिए। सन् १९१८ अप्रिल १० मा पालेस्टाइनमा भएको आक्रमणका क्रममा उनले असाधारण साहस प्रदर्शन गरे।

उनको टुकडीले जर्मन सेनाको कडा प्रतिरोध सामना गरिरहेको बेला उनी अगाडि बढ्दै शत्रुको मेसिनगन पोस्ट नजिक पुगे। उनले एक्लैले आक्रमण गरी ती बन्दुकहरू निष्क्रिय बनाए र आफ्ना सहकर्मीहरूलाई अगाडि बढ्न बाटो खोले। त्यसक्रममा उनी गम्भीर रूपमा घाइते भए पनि उनले आफ्नो कर्तव्यबाट पछि हटेनन्।

उनको अदम्य साहस, कर्तव्यनिष्ठा र बलिदानको कदर गर्दै उनलाई Victoria Cross प्रदान गरियो, जुन बेलायती सेनाको सबैभन्दा उच्च वीरता पदक हो। यो पदक उनले सन् १९१९ मा King George V बाट प्राप्त गरेका थिए।

राइफलम्यान कर्णबहादुर रानाको २५ जुलाई १९७३ मा नेपालमै निधन भएको थियो।

जसको शालिक बुधबार मात्रै भार्सेका नरबहादुर बुढाथोकीको अगुवाइमा निर्माण गरी भारतीय सेनाका कर्णेल एसएस सिंहलगायतका अधिकारीहरुले अनावरण गरेका छन्।

गुल्मीको माटोले जन्माएको एउटा साधारण छोरा, तर असाधारण साहसले संसारलाई चिनाएको नाम–कर्णबहादुर राना। आज जब उनको कथा सम्झिन्छौं, मनमा गर्व मात्र होइन, आँखामा हल्का आँसु पनि झर्छ।

गोलीको वर्षा भइरहेको त्यो रणभूमि... जहाँ एकछिन ढिलो हुनु नै मृत्यु निम्त्याउनु थियो। तर त्यहीँ बिचमा उभिएका थिए, कर्णबहादुर। आफ्नो ज्यानको कुनै परवाह नगरी, केवल कर्तव्य र साथीहरूको सुरक्षालाई अगाडि राख्दै। जब उनका सहकर्मीहरू एक-एक गरी ढल्दै गए, तब पनि उनको साहस डगमगाएन। बरु झन् बलियो बन्यो।

नम्बर १ गनर मारिएपछि, अरू कसैले अघि बढ्न नसकेको अवस्थामा उनले त्यो जिम्मेवारी आफ्नै काँधमा लिए। त्यो क्षण कुनै आदेशको होइन, आत्माबाट आएको निर्णय थियो।

उनले समातेको त्यो लुइस गन केवल एउटा हतियार थिएन, त्यो थियो आशा-आफ्ना साथीहरूलाई जोगाउने, दुश्मनलाई रोक्ने र कर्तव्य निभाउने अठोट। चारैतिरबाट आएको गोली र बमकाबिच उनले निडर भएर अगाडि बढ्दा, मानौं मृत्यु नै केही क्षणका लागि रोकिएको थियो।

गन बिग्रियो, परिस्थिति झन् कठिन बन्यो, तर उनी रोकिएनन्। फेरि मर्मत गरे, फेरि उठे, फेरि लडे। त्यो केवल युद्ध थिएन, त्यो थियो आत्मबलको चरम परीक्षा। अन्ततः उनका ती साहसी कदमहरूले दुश्मनलाई पछि हट्न बाध्य बनायो र आफ्ना साथीहरू सुरक्षित फर्कन सके।

यस्तो कथा केवल इतिहासका पानामा सीमित हुँदैन, यो त हरेक नेपालीको मुटुमा बस्ने गर्व हो। त्यसैले उनलाई प्रदान गरिएको Victoria Cross केवल एउटा पदक होइन, त्यो उनको बलिदान र साहसको अमिट चिन्ह हो।

आज हामी शान्त वातावरणमा बसेर जीवन बिताइरहेका छौं, तर त्यो शान्तिको पछाडि यस्तै वीरहरूको पसिना, रगत र बलिदान लुकेको छ।

कर्णबहादुर राना केवल एउटा नाम होइन्, उनी साहसको प्रतीक हुन्, कर्तव्यको परिभाषा हुन् र हरेक नेपालीका लागि प्रेरणाको ज्योति हुन्।

# अन्तरदेशीय व्यापार समन्वय उप-समिति गठन




बुटवल। रूपन्देही व्यापार संघले अन्तरदेशीय व्यापार समन्वय उप-समिति गठन गरेको छ।

उप-समितिको संयोजकमा प्रदिपप्रसाद पन्थ र सह-संयोजकमा बालकृष्ण बश्याल रहेका छन्। त्यसैगरी उप-समितिको सचिवमा मेघदेव पन्त, सह-सचिवमा मनोज पाण्डे, कोषाध्यक्षमा शालिकराम घिमिरे, सदस्यहरुमा अभिषेक भट्टराई, मित्रलाल पाण्डेय, मित्रबन्धु भण्डारी, रितेश ज्ञवाली, मदन घिमिरे र क्षितिज न्यौपाने रहेका छन्।

उप-समितिको सल्लाहकारमा शंकर ज्ञवाली, मदन अधिकारी र मधु पन्थी रहेका छन्।

उप-समितिका संयोजक पन्थले आगामी दिनमा समितिलाई सक्रियतापूर्वक अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन्।

रूपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकालले अन्तरदेशीय व्यापार समन्वय उप-समिति काठमाडौं बाहिरको पहिलो भएको बताए। उनले समितिले सक्रियतापूर्वक काम गरी नमूना उप-समिति बन्न शुभकामना दिए।

# प्रथम बटौली कपः बुटवल गोलपार्क र एमएसएमटी जित




भैरहवा। प्रथम बटौली कप-२०८२ टी-२० क्रिकेट प्रतियोगिताअन्तर्गत बिहीबारका दुई खेलमा बुटवल गोलपार्क क्रिकेट क्लब र एमएसएमटी क्रिकेट एकेडेमी विजयी भएका छन्। बुटवल गोलपार्कले जेआर क्रिकेट एकेडेमीमाथि ३७ रन र एमएसएमटीले बुद्ध क्रिकेट क्लबमाथि ३१ रनको जित निकालेका हो।

पृथ्वीनारायण शाह स्पोर्टस् प्रतिष्ठानको आयोजना, रुपन्देही क्रिकेट संघको व्यवस्थापन र बुटवल उप-महानगरपालिकाको सहयोगमा भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा टस जितेर ब्याटिङमा आएको बुटवल गोलपार्कले ९ विकेट गुमाएर १ सय ३० रन बनायो। उसका लागि सुदीप अर्यालले २६, दीपेश रोकाले २५, सन्दीप खत्रीले २२, कलम अलीले १६ र ऋषभ बेल्बासेले १२ रन बनाए। बलिङमा जेआरका अनमोल श्रीस थापा, शिव कुमार र विष्णु भुसालले २-२ तथा कृष्ण पन्थीले १ विकेट लिए।

जवाफी ब्याटिङ गरेको जेआरले ८ विकेट गुमाएर ९३ रन मात्रै बनायो र हार व्यहोर्यो। उसलाई सस्तैमा रोक्न बलिङमा बुटवल गोलपार्कका सुप्रिम कंडेलले २ तथा सागर गैरे, सुदीप अर्याल र कलम अलीले १-१ विकेट लिए। जेआरका शिव कुमारले अविजित ४८, विशाल भुसालले १३ र युशिल भुसालले १२ रन बनाए। खेलमा सुदीप अर्याल प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे।

यस्तै, दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको एमएसएमटीले ६ विकेट गुमाएर १ सय ८४ रनको बलियो योगफल बनायो। उसका लागि राहुल यादवले ५८, आर्यन अग्रहरिले ५२, अर्मन खानले अविजित २३, प्रधुमन निषादले २० र कमरन खानले १५ रनको योगदान गरे। बलिङमा बुद्धका हरिकेष मौर्यले ३, शैलेन्द्र यादवले २ तथा अजय त्रिपाठीले १ विकेट लिए।

प्रतित्तउरमा बुद्धले १९ ओभर २ बलमा अलआउट हुँदै १ सय ५३ रन बनायो। उसका लागि अजित यादवले ७१, शैलेन्द्र यादवले २२ र सफिउल्लाह मुसलमानले ११ रन बनाए। बलिङमा एमएसएमटीका अंस सिंहले ५, रितिक कुमारले २ तथा प्रधुमन निषादले १ विकेट लिए। खेलमा अंस सिंह प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे।

चैत्र १५ गतेसम्म चल्ने प्रतियोगितामा नेपाल र भारतका गरी १६ टीम सहभागी छन्। आयोजकका अनुसार प्रतियोगिताको विजेता टिमले नगद ५० हजार र ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ। यस्तै, उप-विजेताले नगद २५ हजारसहित मेडल, म्यान अफ द सिरिजले ट्रफी र १० हजार, बेष्ट बलर र ब्याटरले ट्रफी र जनही ५ हजार तथा प्रत्येक खेलको म्यान अफ द म्याचले एक हजार रुपैयाँ प्राप्त गर्नेछन्।

# ६० बढी सांसदले लिए मातृ भाषामा शपथ



बुटवल। सङ्घीय संसदको प्रतिनिधिसभा सदस्यमा निर्वाचित सदस्यहरूले शपथ लिएका छन्। कुल २७५ सांसदमध्ये ६३ भन्दा बढी सांसदले मातृभाषामा शपथ लिने जानकारी संसद सचिवालयलाई गराएका थिए।

सिंहदरबारस्थित संसद् भवनमा प्रतिनिधिसभाको ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीद्वारा सांसदहरुले शपथ लिएका हुन्। मातृभाषामा शपथ ग्रहण गर्ने सांसदहरुमा यज्ञबहादुर बोगटीले अछामी, मोहम्मद इस्तियाक राईले अवधि, आकृति अवस्थीले डोटेली, गङ्गा छन्त्याललले छन्त्याल, करिस्मा कठरियाले 'कठरीया थारू' भाषामा शपथ लिएका छन्।

त्यसैगरी निश्कल राईले चाम्लिङ र दीपकराज बोहराले डोटेली भाषामा शपथ लिए। सुजाता तामाङ र परशुराम तामाङले तामाङ भाषामा शपथ लिए। कान्त चौधरी, अशोककुमार चौधरी, गीता चौधरी, पुष्पाकुमारी चौधरी, प्रमिलाकुमारी गच्छदार र सुरेन्द्र चौधरीले थारू भाषामा शपथ लिए।

अनुष्का श्रेष्ठ, कुलभक्त शाक्य, कुशुम महर्जन, कपा महर्जन, विराजभक्त श्रेष्ठ, गङ्गालक्ष्मी अवाल, बुद्धरत्न महर्जन, मदनकृष्ण श्रेष्ठ, रुकेश रञ्जितले नेवारी भाषामा शपथ लिए।

रीतिमा भण्डारी (कार्की), रबिन महतो, रवीन्द्र पटेल र राजेशकुमार चौधरीले बज्जिका भाषामा शपथ लिए। त्यसैगरी ऐनबहादुर महरले बझाङ्गी भाषामा शपथ लिए।

माधवराज राईले बान्तावा, कन्हैया बनियाँ, अरविन्द साह, बुद्धिप्रसाद पन्त, सुशीलकुमार कानुले भोजपुरी भाषामा शपथ लिए। रेनुका काउचाले मगर खाम भाषामा शपथ लिए। प्रमोदकुमार महतो, राजकिशोर महतोले मगही भाषामा शपथ लिए।

अङ्किता ठाकुर, आशा झा, उज्ज्वलकुमार झा, दीपककुमार साह, कामिनी कुमारी, जोगकुमार बरबरिया यादव, तपेश्वर यादव, दीपककुमार साह, नरेन्द्रसाह कलवार, निशा मेहता, पुरुषोत्तम सुप्रभात यादव, मनिष झा, मातृकाप्रसाद यादव, रामजी यादव, रुवी कुमारी, शम्भुकुमार यादव, शिव शङ्कर यादव, सीताराम साहले मैथिली भाषामा शपथ लिए। कृपाराम रानाले राना थारू भाषामा शपथ लिए।

त्यसैगरी पूर्णप्रसाद लिम्बू, सन्तोष सुब्बा, सुहाङ नेम्बाङले लिम्बू मातृभाषामा शपथ लिए। खुश्बु ओलीले संस्कृत भाषामा शपथ लिए। प्रतिनिधिसभाका सहायक प्रवक्ता (उप-सचिव) अनन्तप्रसाद कोइरालाले मातृभाषामा शपथ लिने भनेर सुरुमा ६२ जनाले नाम टिपाएकामा पछि बिस्तारै थपिँदै गएको र कतिले लिएको भन्ने यकिन गर्ने काम भइरहेको बताए।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com